आज मिति २०७९ साल भाद्र ०७ गते यस भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री यज्ञप्रसाद ढकाल ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा नगर कार्यपालिका बैठक बसी तपसिलको निर्णयहरु पारित गरियो ।

तपसिल

श्री यज्ञप्रसाद ढकाल, नगर प्रमुख

श्री धनसरा बोहरा, नगर उपप्रमुख

श्री दिनेश पुलामी मगर, वडा अध्यक्ष वडा नं. १

श्री चिरन्जिवि बुढा, वडा अध्यक्ष वडा नं. २

श्री जीत बहादुर सुनार,वडा अध्यक्ष वडा नं. ३

श्री गंगा बहादुर खत्री,वडा अध्यक्ष वडा नं. ४

श्री प्रेम बहादुर सारु मगर, वडा अध्यक्ष वडा नं. ५

श्री लालसिं बुढाक्षेत्री, वडा अध्यक्ष वडा नं. ६

श्री कर्ण बहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७

श्री पुसे कामी, वडा अध्यक्ष वडा नं. ८

श्री प्रेम बहादुर आग्री, वडा अध्यक्ष वडा नं. ९

श्री विर बहादुर बस्नेत, वडा अध्यक्ष वडा नं. १०

श्री जय बहादुर नेपाली, वडा अध्यक्ष वडा नं. ११

श्री राम बहादुर डाँगी, वडा अध्यक्ष वडा नं. १२

श्री गणेश बहादुर भण्डारी, वडा अध्यक्ष वडा नं. १३

श्री शेर बहादुर कामी, कार्यपालिका सदस्य

श्री सहविर महर, कार्यपालिका सदस्य

श्री पवित्रा घर्ति, कार्यपालिका सदस्य

श्री गौमायाखत्री, कार्यपालिका सदस्य

श्री खगीसरा पुनमगर, कार्यपालिका सदस्य

श्री मानसिं परियार, कार्यपालिका सदस्य

श्री अमृता विसी विष्ट, कार्यपालिका सदस्य

श्री ओविसरा बस्याल, कार्यपालिका सदस्य

श्री कृष्ण प्रसाद पोखेल,(सचिव) प्रमुख प्रशासकीय अधिकृत

सहयोगीहरु

श्री मान बहादुर ठाडा, लेखाअधिकृत

श्री कुलबहादुर खड्का, अधिकृत छैटौं

श्री विजयकुमार खत्री, ईन्जिनियर

श्री गणेश कार्की, सव ईन्जिनियर

श्री विर बहादुर चुनारा, सहयोग

निर्णय प्रमाणित

**प्रस्ताव नं. १ : नगर दररेट २०७९ स्वीकृत गर्ने सम्बन्धमा ।**

निर्णय नं १ : यस भेरीगंगा नगरपालिकाको नगर दररेट २०७९,नगर दररेट सिफारिसबाट पेश भएबमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २ : नदीजन्य पदार्थको दररेट स्वीकृत गर्ने सम्बन्धमा ।**

निर्णय नं २ : यस भेरीगंगा नगरपालिकाको नदीजन्य पदार्थको उत्खनन गर्न कर्णाली प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको मिति २०७९।३।१ गते स्वीकृत भएको **कर्णाली प्रदेश सरकारको अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक**मा उल्लेख भएबमोजिम प्रति क्वी फिट दररेट रु. ३/- हुने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ : टेन्डर भएका योजनाको म्याद थप सम्बन्धमा ।**

निर्णय नं ३ : यस भेरीगंगा नगरपालिकाबाट टेन्डर खोली ठेक्का स्वीकृत भएका तपसिल बमोजिमका योजनाहरुको म्याद थप गर्ने निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | योजनाको नाम | सम्झौता अवधि | थप अवधि | म्याद थपको कारण |
|---|---|---|---|---|
| १ | औद्योगिक ग्राम, भेरीगंगा ११ | २०७९/२/२७ | २०७९/८/३० सम्म | कार्य सम्पन्न नभई थपको लागि निवेदन पेश गरेको |
| २ | मैनतडा स्वास्थ्य चौकी, भेरीगंगा ८ | २०७९/२/३० | २०७९/८/३० सम्म | कोभिडको कारण काम गर्न नसकेको भनी निवेदन पेश गरेको |

**प्रस्ताव नं. ४ : मध्यकालिन खर्च संरचना निर्माण गर्ने सम्बन्धमा ।**

निर्णय नं ४ : यस भेरीगंगा नगरपालिकाको मध्यकालिन खर्च संरचना निर्माणको लागि परामर्श सेवा खरिद गरी विशेषज्ञमार्फत निर्माणको लागि आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ : जेसीजको भवनको रकम भुक्तानी माग सम्बन्धमा ।**

निर्णय नं ५ : यस भेरीगंगा नगरपालिकाको वडा नं. १२ मा निर्मित जेसीज भवन निर्माणको रकम प्रदेश सरकारको शसर्त बजेटबाट रु. २० लाख प्राप्त भएकोमा सुत्र प्रणालीको सर्वर बन्द भई भुक्तानी दिन बाँकी रहेकोले प्राविधिकको बिल बमोजिमको रकम निकासीका लागि कर्णाली प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयमा माग गरी पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ : मुख्यमन्त्री रोजगार कार्यक्रममा सिफारिस गरी पठाएका योजना अनुमोदन सम्बन्धमा ।**

निर्णय नं ६ : यस भेरीगंगा नगरपालिकाका १ देखि १३ सम्मका वडाबाट सिफारिस भई आएका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सिफारिस गरी पठाईएका योजनाको सम्बन्धमा मिति २०७९।०४।१५ गतेका दिनमा नगर प्रमुख ज्यूको अध्यक्षतामा बसेको बैठकले गरेको निर्णय अनुमोदन गरी कार्यान्वयनका लागि लेखी पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ७ : बाढी पिडितको राहत रकम सम्बन्धमा ।**

निर्णय नं ७ : यस भेरीगंगा नगरपालिकाभित्र मिति २०७१ साल श्रावण महिना तथा तत्पश्चात विभिन्न मितिमा आएको अविरल बर्षातको कारण घर, जग्गा, धनजन क्षति भई बाढीपिडित भएका यस नगरपालिकामा बसोबास गर्ने बाढीपिडितहरु (रेडक्रसबाट ५० हजार राहत पाएका, प्रदेश सरकारबाट ५ लाख राहत प्राप्त गर्नुपर्नेमा हालसम्म ३ लाख रुपैयाँ मात्र राहत पाएका तथा हालसम्म कुनै पनि राहत रकम पाउन नसकेका) लाई राहत प्रदान गर्नका लागि प्रदेश सरकारमा लेखी पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ८ : शाखा, ईकाइ तथा नागरिक सहायता कक्ष व्यवस्थापन सम्बन्धमा ।**

निर्णय नं ८ : यस भेरीगंगा नगरपालिकाको सहकारी तथा घरेलु शाखा एकै शाखाबाट कार्य संचालन हुँदै आएकोले उद्योग विकास तथा सहकारी शाखा नामाकरण कायम गर्ने, खानेपानी तथा सरसफाई सम्बन्धि कार्य गर्नका लागि खानेपानी तथा सरसफाई ईकाइ स्थापना गर्ने तथा नगरपालिका कार्यालयभित्र नागरिक सहायता कक्ष स्थापना गरी कार्य संचालन गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित

**प्रस्ताव नं. ९ : नियमित बजार सरसफाईको मिति परिवर्तन सम्बन्धमा ।**

निर्णय नं ९ : यस भेरीगंगा नगरपालिकाको नियमित बजार सरसफाई कार्यक्रम हरेक महिनाको बजार बन्द हुने दिनमा गर्ने गरी मिति २०७९।४।७ गतेको निर्णय नं. ६ मा भएको निर्णयअनुसार सरसफाई कार्यक्रम संचालन हुदै आएकोमा अब उप्रान्त हरेक महिनाको १६ गतेका दिनमा गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १० : कर्मचारीको म्याद थप सम्बन्धमा ।**

निर्णय नं १० : यस भेरीगंगा नगरपालिकामा कार्यरत अस्थायी, करार तथा ज्यालादारी कर्मचारीहरुको २०७९।०४।०१ गते देखि लागू हुने गरी २०७९ पौष मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ११ : कर्मचारी तथा जनप्रतिनिधीको विमा सम्बन्धमा ।**

निर्णय नं ११ : यस भेरीगंगा नगरपालिकाको कार्यालयमा कार्यरत कर्मचारी तथा जनप्रतिनिधीहरुको दुर्घटना तथा यातायात विमा गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १२ : आन्तरिक लेखा परीक्षक तोक्ने सम्बन्धमा ।**

निर्णय नं १२ : यस भेरीगंगा नगरपालिकाको आ.व. २०७८।०७९ सालको आ.ले.प. गर्नका लागि यस कार्यालयमा कार्यरत सहायकस्तर पाँचौ श्री धनबहादुर सुनार र सहायकस्तर चौथो श्री कमलसिं वि.क.लाई आ.ले.प. गर्नका लागि थप जिम्मेवारी तोक्ने निर्णय गरियो साथै निजहरुलाई सो कार्य गरेवापत एक महिनाको थप पारिश्रमीक उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं १३ : अधुरा, अपुरा जग्गाहरुको अनुसूची २ फारम भर्ने सम्बन्धमा ।**

निर्णय नं. १३ : राष्ट्रिय भूमी आयोग ताहाचल काठमाण्डौंबाट मिति २०७९।४।३१ मा जग्गाको स्वामित्व, दर्ता श्रेष्ता, फिल्डबुक प्रमाणित लगायतका विषयमा निवेदन दिने सम्बन्धि ३५ दिने सूचना प्रकाशित भएअनुसार यस भेरीगंगा नगरपालिकाभित्र रहेका विगतको राप्ती अंचल क्षेत्रीय बसोबास कार्यालय, २०७७।१।१ भन्दा अगाडी गठीत विभिन्न आयोग, समिति तथा कार्यदलका काम बाँकी जग्गाहरुको पनि विगतमा अनुसूची ३ र ४ (भूमीहिन दलित, भूमीहिन सुकुम्बासी र अव्यवस्थित बसोबासी) को फारम भरेकोमा उक्त जग्गाहरुको हकमा पुन : अनुसूची २ अनुसारको फारम भर्न लगाई राष्ट्रिय भूमी आयोग जिल्ला समिति सुर्खेतमा बुझाउने निर्णय गरियो ।

**प्रस्ताव नं १४ : विज्ञापन करको सूचना प्रकाशन गर्ने सम्बन्धमा ।**

निर्णय नं. १४ : यस भेरीगंगा नगरपालिकाबाट यस अघि विज्ञापन करको यस नगरपालिका र आकृति एड्भरटाईजिङ्गबीच भएको सम्झौता बमोजिमको म्याद २०७९ असार मसान्तमा सकिएकोले आगामी ३ बर्षका लागि विज्ञापन करको लागि टेन्डर प्रकाशन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं १५ : नियमित कार्यपालिका बैठकको समय परिवर्तन सम्बन्धमा ।**

निर्णय नं. १५ : यस भेरीगंगा नगरपालिकाको नियमित मासिक बैठक हरेक महिनाको ७ गते दिनको १२ बजे हुँदै आएकोमा अव उप्रान्त हरेक महिनाको ७ गते बिहान ११ बजे बस्ने निर्णय गरियो ।

**प्रस्ताव नं १६ : अपांगता पुनर्स्थापना ईकाइ स्थापना गर्न माग गर्ने सम्बन्धमा ।**

निर्णय नं. १६ : यस भेरीगंगा नगरपालिकाको वडा नं. १२ मा अपांगता पुनर्स्थापना सम्बन्धि काम गर्नका लागि अपांग हस्पीटल बनेपा काभ्रेको सहकार्यमा अपांगता पुनर्स्थापना ईकाइ स्थापना गर्न अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं १७ : दैनिक ज्यालादारीमा सरसफाईकर्मीको सेवा खरिद सम्बन्धमा ।**

नगर प्रमुखज्यूको कार्यकक्षमा कामकाज गर्नका लागि एक
निर्णय नं. १७ : यस भेरीगंगा नगरपालिकाका सरसफाईकर्मीको दैनिक ज्यालादारीमा सेवा खरिदका लागि प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी
जना
दिने निर्णय गरियो ।